रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली मोरङ
कोशी प्रदेश नेपाल

# सिलबन्दी दरभाउ पत्र

सूचना प्रकाशन मिति :- २०८१/०४/१७

सिलवन्दी दरभाउ पत्र नं.:- २/०८१/०८२

कामको विवरण:- अस्पतालको प्राङगणमा रहेको सशुल्क चमेनागृह भाडामा संचालन गर्ने कार्य ।

फर्म/सप्लायर्स (सिलवन्दी दरभाउ पत्र दाता)को नाम:- ..............................................

ठेगाना: ..............................................................................

आ.व.०८१/०८२

CamScanner

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल,
रंगेली, मोरङ

पत्र संख्या: २०८१/०८२ मितिः २०८१/०४/१७

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

यस रंगेली अस्पताल, रंगेली, मोरङको हातामा रहेको सःशुल्क चमेना गृह (क्यान्टिन) सञ्चालन प्रयोजनार्थ आ.व. २०८१/०८२ को लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट बहालमा लगाउनुपर्ने भएकोले इच्छुक फर्म/व्यवसायी/संस्थाबाट शिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण रंगेली नगरपालिकाको वेवसाइट www.rangelimun.gov.np मा हेर्न सकिनेछ वा रंगेली अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

| | विवरण | न्यूनतम् अंक (VAT बाहेक) | फाराम दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १. | चमेना गृह(क्यान्टिन) | वार्षिक ३,३०,०००/ | १,०००।- | दरभाउपत्र |

मेडिकल सुपरिटेण्डेन्ट
रंगेली अस्पताल

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल,
रंगेली, मोरङ

पत्र संख्याः २०८१/०८२
च.नं.

मितिः २०८१/०४/१७

## शिलबन्दी दरभाउपत्र आवहानको सूचना।

यस रंगेली अस्पताल मोरङ्को प्राङ्गणमा रहेको सशुल्क चमेना गृह (क्यान्टिन) सञ्चालन प्रयोजनार्थ आ.व. २०८१/०८२ को लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यावसायि/संस्था/ फर्महरुबाट तपशिलका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ।

| | विवरण | न्यूनतम् अंक (VAT बाहेक) | फारम दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १. | चमेना गृह(क्यान्टिन) | वार्षिक ३,३०,०००/ | १,०००।- | दरभाउपत्र |

तपसिल :-

१ यो सुचना प्रकाशित भएको मितिले १५औ दिन सम्ममा कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र खरिद गरी १६ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। सो दिन सर्वजनिका विदा परेमा सम्पुर्ण कार्यहरु सो को भोलिपल्ट कार्यालयमा समयमा हुनेछ। म्याद नाघि र रित नपुगी प्राप्त भएको दरभाउ पत्र उपर कारवाही हुने छैन।

२. शिलबन्दी दरभाउपत्र दाताले आफुले कबोल गरेको अंकको १० प्रतिशत रकम रंगेली नगरपालिकाको कृषि विकास बैक स्थित धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ राखी धरौटी खातामा नगद दाखिला गरेको सक्कले बैकं भौचर समावेश गर्नूपर्नेछ।

३. शिलबन्दी दरभाउपत्र सकार गरेको ७ दिन भित्र सम्झौता गरी सम्झौतामा उल्लेखित सम्पूर्ण रकम अग्रीम बुझाउनु पर्ने छ।

४. ठेक्काको कबोल रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट हुनेछ।

५. ठेक्का सम्झौता भएपछि बन्द हड्ताल जस्ता कारणले छुट वा मिनाहाको लागि ठेकेदार पक्षबाट दावी गर्न पाइने छैन।

६. अस्पताल प्रशासनले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ। साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा अस्पताल संचालन तथा व्यवस्थापन समिति र अस्पताल प्रशासनको निर्णय अन्तिम हुनेछ।

७. चमेना गृह संचालनको लागि आवश्यक पानी, विजुली र फोहोरमैलाको व्यवस्थापन स्यंम ठेकेदारले वेहोर्नु पर्नेछ।

८. दरभाउ पत्र फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। केरमेट भएको भएमा अक्षरलाई मान्यता दिइनेछ।

९.दरभाउपत्र खरिद गर्न दरभाउ पत्रदाताले लिखित निवेदनका साथ (क) चालु आ.व.को व्यवसाय नविकरण (ख) व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि (ग) मु.अ.क. दर्ता प्रमाणपत्र/ प्यान (PAN) दर्ता प्रमाणको प्रतिलिपि (घ) आ.व २०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी र (ङ) दरभाउ पत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित कागजात कारबाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा र व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नभएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल सहित यस अस्पतालको काउन्टरमा राजस्व बापतको रु १०००।- (एक हजार मात्र) (फिर्ता नहुने गरी) रकम दाखिला गरेको सक्कलै भौचर पेश गरि फारम लिन सकिनेछ ।

१०. यो दरभाउ पत्र स्वीकृत गर्ने, आशिंक स्वीकृत गर्ने, रद्ध गर्ने अधिकार अस्पताल प्रशासनमा निहिति रहनेछ साथै उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ।

११. ठेक्का करार अवधि २०८२ असार मसान्त सम्मको लागि हुनेछ र सो अवधिमा मूल्यमा कुनै हेरफेर हुदैन।

१२. यस रंगेली अस्पतालमा भर्ना भएका विरामीहरुलाई आवश्यक पर्ने प्रर्याप्त मात्रमा गुणस्तरीय बिरामी खाना फुल डाइट र हाफ डाइट (जावलो, खाना, मिक्स दाल, मिक्स तरकारी, अण्डा, दुध सागपात लगायतका खानाहरु खाना प्याकिङ गर्ने कन्टेनरमा तोकिए बमोजिमको मात्रा र दररेटमा उपलब्ध गराउनु पर्ने शर्तनामा रहेको छ र सो बिरामीलाई खाना उपलब्ध गराएबापतको रकम चमेना गृहलाई अस्पतालले भुक्तानी गर्नेछ तर गुणस्तरहिन तथा तोके भन्दा कम मात्रामा खाना उपलब्ध गराएमा अस्पताल प्रशासनले शर्तनामा भंग गरी क्यान्टिन बन्द गर्न आदेश दिन छ। यस सम्बन्धि विस्तृत विवरण रंगेली अस्पताल प्रशासन तथा रंगेली नगरपालिकाको आधिकारिक वेवसाइट www.rangelimun.gov.np. मा हेर्न सकिनेछ।

मेडिकल सुपरिटेन्डेन्ट
रंगेली अस्पताल

CS CamScanner

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

## चमेना गृह संचालन सम्बन्धि न्यूनतम शर्तहरु

यस रंगेली अस्पताल मोरङको प्राङगणमा रहेको सशुल्क चमेना गृह (क्यान्टिन) सन्चालन प्रयोजनार्थ आर्थिक वर्ष २०८१/०८२ को लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यवसायि फर्म/संस्था/कम्पनीबाट तपशिलका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ।

| | विवरण | न्यूनतम् अंक (VAT बाहेक) | फारम दस्तुर |
|---|---|---|---|
| १. | चमेना गृह(क्यान्टिन) | वार्षिक रु ३,३०,०००/ | १,०००।- |

तपसिल :-

१ शिलबन्दी दरभाउपत्र खरिद गर्न सिलबन्दी दरभाउ पत्रदाताले (क) चालु आ.व.को नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (ख) व्यवसाय/फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) मु.अ.क. दर्ता प्रमाणपत्र वा प्यान (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि (घ) आ.व २०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी र (ङ) दरभाउ पत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित कागजात कारबाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा र व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नभएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कलप्रति संलग्न राखी निवेदन दिई नियम अनुसार लाग्ने दरभाउ पत्र फारम दस्तुर रु १०००।- (एक हजार) (फिर्ता नहुने गरी) यस अस्पतालको काउन्टरमा राजस्व बापतको रकम दाखिला गरेको सक्कलै भौचर पेश गरि फारम् लिन सकिनेछ ।

२. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र खरिद गरी १६ औ दिनको १२: ०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। सो दिन सर्वजनिका विदा परेमा सम्पुर्ण कार्यहरु सो को भोलिपल्ट कार्यलयमा समयमा हुनेछ।

३. शिलवन्दी दरभाउ पत्र फारम राखीएको खाम बाहिर व्यवसायको नाम ठेगाना र ठेक्का नं. साथै सो संग सम्वन्धित कार्यको नाम स्पष्ट लेखिएको विवरण उल्लेख गरिएको हुनपर्ने छ।

४ यसरी पर्न आएका शिलबन्दी दरभाउ पत्र १६औं दिनको २:०० बजे कार्यलयको प्रतिनिधिहरु र शिलबन्दी दरभाउ पत्रदाताहरुको रोहवरमा खोलिनेछ। शिलबन्दी दरभाउ पत्रदाताहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५ शिलबन्दी दरभाउपत्र दाताले धरौटी वापतको कबोल अंकको १० प्रतिशतले हुन आउने रकम बापत रंगेली नगरपालिका कार्यालयको कृषि विकास बैक धरौटी खाता न ०६०१४०११५०२५७०७९ राखी धरौटी खातामा नगद दाखिला गरेको सक्कलै बैक भौचर समावेश गर्नूपर्नेछ।

६. स्वीकृत दरभाउ पत्रदाताले कार्यालयसँग सम्झौता गर्दा धरौटी वापत तिन महिनाको भाडा रकम कार्यालयलाई बुझाउनु पर्ने छ।

CS CamScanner

७. स्वीकृत दरभाउपत्र दाताले खरिद सम्झौता गरिसके पछि चमेना गृह छोड्न चाहेमा २ महिना अगावै अस्पतालको प्रशासन शाखामा लिखित सुचना दिनु पर्नेछ । कार्यालयलाई क्यान्टिन सन्चालन गतिविधी वाञ्छनिय नलागेमा जुनसुकै बखत ७ दिनको समय दिई हटाउन सक्नेछ तर मदिराजन्य तथा सूर्तिजन्य तथा कानुनले बञ्चित गरेका पदार्थहरु बिक्री वितरण गर्न पाइने छैन लुकाई छिपाई बिक्री वितरण गरेको पाईएमा अस्पताल प्रशासनले २४ घण्टा भित्रमा खाली गर्न गराउन सक्ने छ ।

८. पानी तथा विजुली खपत गरे बापतको शुल्क सम्वन्धीत क्यान्टिन सन्चालक कर्ताले नै व्यहोर्नू पर्ने छ ।

९.चमेना गृहमा अस्वस्थकर, वासी तथा सडेगलेको खाद्य सामाग्री बिक्री वितरण गरेको पाईएमा वा कार्यालयले तोकिएको दररेट र समयमा भाडा नबुझाएमा कार्यालयले २४ घण्टा भित्रमा लिखित स्पष्टिकरण सोध्न सक्नेछ र चित्तबुझ्दो जवाफ नआएको त्यसको ४८ घण्टामा क्यान्टिन खाली गर्न आदेश दिन सक्नेछ ।

११. यस रंगेली अस्पतालमा भर्ना भएका विरामीहरुलाई आवश्यक पर्ने प्रर्याप्त मात्रमा गुणस्तरीय बिरामी खाना फुल डाइट र हाफ डाइट (जावलो, खाना, मिक्स दाल, मिक्स तरकारी, अण्डा, दुध सागपात लगायतका खानाहरु खाना प्याकिङ गर्ने कन्टेनरमा तपशिल बमोजिमको मात्रा र दररेटमा उपलब्ध गराउनु पर्ने शर्तनामा रहेको छ र सो बिरामी खांना उपलब्ध गराएबापतको रकम चमेना गृहलाई अस्पतालले भुक्तानी गर्नेछ तर गुणस्तरहिन तथा तोके भन्दा कम मात्रामा खाना उपलब्ध गराएमा अस्पताल प्रशासनले शर्तनामा भंग गरी क्यान्टिन बन्द गर्न आदेश दिन छ ।

**फुल डाइट**

| क्र.स. | प्रकार | परिमाण |
|---|---|---|
| १ | जाउलो/भात (१०० gm बराबर चामल) | २ बटुका |
| २ | मिक्स दाल(३५-४० gm बराबर दाल) | १ बटुका |
| ३ | मिक्स तरकारी(१०० gm) | १ बटुका |
| ४ | साग (१००gm) | १/२ बटुका |
| ५. | सलाद | ६ पिस |
| ६. | दुध/ अण्डा | २५० ml/ १ पिस |
| जम्मा | | रु १०० |

**बटुकाको साइज २५० ml झोल पदार्थ अटाउने खालको हुनु पर्नेछ।**

**हाफ डाइट**

| क्र.स. | प्रकार | परिमाण |
|---|---|---|
| १ | जाउलो/भात (५०gm बराबर चामल) | १ बटुका |
| २ | मिक्स दाल(२०gm बराबर दाल) | १ बटुका |
| ३ | मिक्स तरकारी(५० gm) | १ बटुका |
| ४ | साग (५०gm) | १/२ बटुका |
| ५. | सलाद | ३ पिस |
| ६. | दुध | १२५ ml |
| जम्मा मुल्य | | रु ५० |

११. चमेना गृह संचालन गरे वापत अस्पताल हातामा उत्पन्न हुने फोहोर मैलाको व्यवस्थापन स्वयं सन्चालकले नै गर्नुपर्ने छ ।

१२. कार्यालयको स्वीकृति नलिई कुनै किसिमको डेन्टिङ्ग पेन्टिङ्ग वा भित्ते लेखन गर्न पाईने छैन ।

१३.चमेना गृह सञ्चालनको क्रममा सेवागाह्री सँग झै झगडा भई कुनै किसिमको क्षति हुन गएमा त्यसको जिम्मेवार स्वयम सञ्चालक नैहुनु पर्ने छ ।

१४.चमेना गृहको वार्षिक भाडा दर न्यूनतम् रु.३३०,०००।- (अक्षरुपी तिन लाख तिस हजार मात्र) VAT बाहेक हुनेछ र सो भन्दा माथि सबै भन्दा धेरै कवोल गर्ने दरभाउ पत्रदाताको दरभाउपत्र स्वीकृत हुनेछ ।

१५.प्रत्येक महिनाको भाडा महिना भुक्तान भएको मितिले ७ दिन भित्र जम्मा गरिसक्नु पर्नेछ । ७ दिन देखि १५ दिन सम्म ढिलो गरेमा १० प्रतिशत अतिरिक्त शुल्क थपगरि जम्मा गर्नु पर्नेछ । १५ दिन देखि ३० दिन सम्म ढिला गरेमा २५ प्रतिशत अतिरिक्त शुल्क थप गरि जम्मा गर्नु पर्नेछ र सो भन्दा ढिलो गरेमाका अस्पतालले संझौता भंग गर्न सक्नेछ ।

१६. ठेक्का करार अवधि २०८२ असार मसान्त सम्मको लागि हुनेछ र सो अवधिमा मूल्यमा कुनै हेरफेर हुदैन ।

१७. यो दरभाउ पत्र स्वीकृत गर्ने र रद्ध गर्ने अधिकार अस्पताल प्रशासनमा निहित रहनेछ ।

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली,मोरङ
कोशी प्रदेश,नेपाल

श्री मेडिकल सुपरिन्टेण्डेण्ट ज्यू ,
रंगेली अस्पताल, मोरङ ।
महोदय,

प्रस्तुत विषयमा आ.व .०८१/८२ को लागि तहाँ कार्यालयबाट मिति २०८१/०४/१७ गते प्रकाशित भएको सुचना अनुसार अस्पतालको प्राङगणमा रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन प्रयोजनार्थ शिलबन्दी दरभाउपत्रको माध्यमबाट भाडामा लगाउने कार्य सम्बन्धी सिलवन्दी दरभाउ पत्र आव्हानको सुचना बमोजिम यसै साथ सिलबन्दी गरी दरभाउपत्र पेश गरेको छु ।

हाम्रो दररेट यसै पत्रसाथ संलग्न सिलबन्दी दरभाउ पत्र फाराममा उल्लेख गरिएको छ, हामी उल्लेखित चमेना गृह ( क्यान्टिन) सञ्चालन यसै फाराममा उल्लेखित सूचनाका शर्तहरुको अधिनमा रही सञ्चालन गर्ने छौं । उक्त बोल कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम रु रंगेली नगरपालिकाको कार्यालयको कृषि विकास बैक स्थित धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरी त्यसको सक्कलै भौचर अथवा बैंक ग्यारेन्टी रु..................................को यसै साथ पेश गरिएको छ । हाम्रो सिलबन्दी दरभाउ पत्र फाराममा उल्लेखित दररेटको म्याद ............................................. ............................................... सम्म कायम रहने छ । पेश गरिएको यो दरभाउपत्र पुरा वा आशिंक रुपमा स्वीकृत भएमा वा पुरै रद्द भएमा मलाई पूर्ण रुपमा स्वीकार्य हुनेछ ।

व्यासाय/फर्मको नाम :

पूरा ठेगाना :

दरभाउपत्र दाताको नाम :

पद :

हस्ताक्षर :

मिति :

सर्म्पक फोन :

इमेलं.:

फर्म वा कम्पनीको छाप

CamScanner

# घोषणा पत्र

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली अस्पताल
रंगेली,मोरङ
कोशी प्रदेश,नेपाल

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (ङ) मा उल्लेख भएको प्रावधानका लागि ***रंगेली अस्पताल, मोरङको*** सिलबन्दी दरभाउपत्र नं. ०२/२०८१/०८२ को अस्पतालको प्राङ्गणमा संचालनमा रहेको चमेनागृह शिलबन्दी दरभाउपत्रको माध्यमबाट भाडामा लगाउने सम्बन्धी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएकोले खरिद कारबाहीमा भाग लिन नपाउने गरी अयोग्य नभएको भनि लिखित घोषणा गर्दछु । व्यहोरा सहि सत्य हो यदि भूटा ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर: ....................................          मिति:................................................

नाम:.................................

(सम्बन्धित व्यवसायि/फर्म/कम्पनी/सप्लायर्स/बिक्रेताको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति)

पद:- ..........................................

फर्मको नाम:- ....................................

फर्मको छाप :-

CamScanner